"Partnership for Urban Governance" DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७७/७८-२७०

२०७८/०२/०२

श्रीमान् नगर प्रमुखज्यू,
सम्पूर्ण महानगर, उपमहानगर एवं नगरपालिकाहरु

**बिषयः कोभिड नियन्त्रणमा स्थानीय सरकारको अग्रणी भुमिका बढाउन अपिल !**

कोभिड-१९ को दोस्रो लहरबाट नेपालमा सयौं मानिसहरुले ज्यान गुमाउनु परेको र हजारौं यस रोगबाट आक्रान्त भएको सर्वविदितै छ । संक्रमण दिनानुदिन फैलिरहँदा अक्सिजन र हस्पिटलका बेड अभावले स्थिती झन् भयावह हुँदै गएको र शहरी क्षेत्रले हाल ठूलो चुनौतीको सामना गरिरहेको अवस्था छ। आम नागरिक सँगसँगै जनप्रतिनिधिहरुले समेत दिनहुँ ज्यान गुमाउनु परेको अत्यन्त दुखदायी छ। कोभिडका कारणले मृत्युवरण गर्नु हुने आम नागरिक र जनप्रतिनिधिहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न गर्दै संक्रमण भई आइसोलनमा बसिरहनु भएका सबैमा सिघ्र स्वास्थ लाभको कामना गर्दछौं । साथै यस महामारीका बिरुद्धमा खटिरहनु भएका स्वास्थ कर्मि, जनप्रतिनिधि, सफाइ कर्मचारी, एक्बुलेन्स चालक, सेना, प्रहरी, पत्रकार, बैंक कर्मचारीलाई स्वास्थ्य सुरक्षा मापदण्डमा बिशेष ख्याल गर्न आग्रह गर्दछु ।

विगतमा नगरपालिकाहरुले सचेतीकरण, पहिचान, श्रमिक तथा असहायहरुलाई राहत, क्वारेन्टिन तथा आइसोलेसन कक्ष, स्वास्थ्य सेवा, बजार व्यवस्थापन आदिबाट महामारी नियन्त्रणमा विशेष सफलता हाशिल गरेको जगजाहेर नै छ जसको उच्च मल्याङ्कन गर्न चाहान्छौं । यस दोस्रो चरणमा समेत स्थानीय सरकारहरुबाट थुप्रै उदाहरणीय कार्य भैरहेको छ। तथापी फैलँदो संक्रमणबाट उत्पन्न बिपतलाई मध्यनजर गर्दै स्थानीय प्रशासन, प्रदेश र संघ सरकारसँग आवस्यक समन्वय र सहकार्य गरी स्रोत/साधनको भरमग्दुर परिचालन गर्दै अझ तत्परताका साथ कोभिड नियन्त्रणमा स्थानीय सरकारको अग्रणी भुमिका बढाई थप जन, धनको क्षति हुनबाट रोक्न हाल निम्न बमोजिम गर्न/गराउन अनुरोध गर्दछु ।

१. हाल महानगर, उपमहानगर र नगरपालिकाहरुको मुख्य कार्यभार कोभिड-१९ व्यवस्थापन गर्ने
२. अत्यावस्यक स्वास्थ सामग्री र सेवा (एम्बुलेन्स, अक्सिजन, अस्पताल शैया) बिस्तार गर्ने
३. थप स्वास्थ कर्मी, प्रहरी र जनप्रतिनिधिहरुको सकृयता बृद्धि गर्दै जनतालाई विश्वस्त पार्ने
४. नगर र वडा तहमा स्वस्थ्य स्वयंसेवक समूह बनाइ यथासिघ्र प्रभावकारी परिचलन गर्ने
५. स्थानीय स्तरमै सवदाह गर्न आवस्यक पहल, अगुवाई, समन्वय एवं सहजिकरण गर्ने
६. अक्सिजन प्लान्ट स्थापना गर्न सरकारी/गैरसरकारी वा साझेदारसँग तत्काल पहल गर्ने
७. पिसिआर टेस्ट, कन्ट्याक्ट् ट्रेसिङ्ग आम रुपमा गराउने र सचेतना कार्य निरन्तर गर्ने
८. भ्याक्सिनको व्यवस्था सवैलाई सर्वसुलभ गराउन समन्वय गर्ने र उपचारमा पहल गर्ने
९. स्थानीय बिपद व्यवस्थापन कोषबाट प्रक्रिया पुरा गरि मात्र खर्च गर्ने र स्रोत परिचालन गर्ने
१०.अपाङ्ग, असहाय वा बिपन्नको सहि पहिचान गरि आवस्यक राहतको व्यवस्था गर्ने

अन्तमा, नेपाल नगरपालिका संघले संघीय अर्थ मन्त्रालय तथा प्रदेश सरकारसँग नगरपालिकहरुलाई थप बजेट र प्राविधिक सहयोग गर्न पहल गरिरहेको व्यहोरा पनि जानकारी गराउन चाहन्छौं ।

...................
अशोक कुमार ब्याञ्जु
अध्यक्ष